# गाई भैंसीमा थुनेलोको रोकथाम तथा नियन्त्रण



१। गोठ सधै सुख्खा र सफा राखौं ।



२। दुध दुहुने र ढुवानी गर्ने भाँडो राम्ररी सफा गरी घाममा सुकाएर राखौं ।





३। दुध दुहुने व्यक्तीले नियमित रुपमा नङ् काट्ने गरौं ।




४। दुध दुहनु अगाडि थुन र कल्चौंडो सावुन पानीले धुऔं, त्यसपछि मनतातो पानीले सफा गरी सुख्खा कपडाले पुछौं ।




५। साबुन पानीले राम्रोसंग हात धोएर सफा कपडाले पुछेपछि दूध दुहुने गरौं । थुनेलो लागेको थुन सबैभन्दा अन्तमा अर्कै भाडामा दुहुने गरौं, साथै थुनवाट पुरै दुध निखारेर दुहुने गरौं ।



६। दुध दुहिसकेपछि पशुलाई घाँसपराल खान दिइ कमसेकम २० मिनेट सम्म वस्न नदिऔं ।




७। प्रत्येक पटक दुध दुहिसकेपछि एउटा गिलासमा राखिएको उपयुक्त औषधीको झोलमा (पोभिडिन आयोडिन १० भाग र ग्लिसिरिन १ भाग) प्रत्येक थुनलाई चोपौं ।



८। थुनेलो देखापरि रहने गाई भैंसीले दुध दिन थाकिसकेपछि सबै थुनमा प्रभावकारी एन्टिवायोटिक मलम हालेर छोडौं र सो को लागि पशु प्राविधिकको सल्लाह लिऔं ।



९। पशुमा थुनेलोको समस्या देखापरेमा तुरुन्तै प्राविधिकसंग उपचार गराऔ । दुधको प्रयोगशाला परिक्षणबाट आएको नतिजाका आधारमा गरेको उपचार प्रभावकारी हुन्छ।

USAID FROM THE AMERICAN PEOPLE
HEIFER INTERNATIONAL NEPAL
ILRI INTERNATIONAL LIVESTOCK RESEARCH INSTITUTE
CGIAR
UF IFAS UNIVERSITY of FLORIDA